**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ १९ गते सोमबार ❑ 2 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## निर्वाचनको आन्तरिक तयारीमा निर्वाचन कार्यालय

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि दलहरु मतदाता रिझाउनका लागि आफ्ना चुनावी गतिवधि बढाइरहँदा कास्कीमा निर्वाचनलाई सम्पन्न गराउनका लागि निर्वाचन कार्यालय आन्तरिक तयारीमा जुटेको छ।

निर्वाचनलाई निष्पक्ष तथा भयरहित वातावारणमा सम्पन्न गराउन आचारसंहिताको कार्यान्वयनलगायत विषयमा जिल्लास्थित सरोकारवाला निकायका प्रतिनिधिसँग छलफल एवं अन्तरक्रिया सम्पन्न भएसँगै आन्तरिक तयारी तीव्र बनाइएको छ । जिल्लाका तीन वटा निर्वाचन क्षेत्रका मतदान केन्द्रमा खटाइने कर्मचारी, पठाइने सामग्री आदिको व्यवस्थापनलगायत कामलाई कार्यालयले बढाइरहेको निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । जिल्लामा कूल १५३ मतदानस्थल र ३६३ मतदान केन्द्रहरू रहेको बताउँदै उहाँले मतदानस्थल तथा केन्द्रको आवश्यकता एवं समस्या आदिबारे बुझ्न स्थलगत रुपमा अनुगमनलगायत काम पनि भइरहेको जनाइएको छ। निर्वाचनमा आवश्यकपर्ने सामग्रीको व्यवस्थापनमा पनि कार्यालय लागेको बताउँदै उहाँले निर्वाचनमा मतपत्र, मतपेटिका, स्वस्तिक छापलगायत विभिन्न ५३ किसिमका सामग्री प्रयोग हुने जानकारी दिनुभयो । जिल्लामा निर्वाचनका लागि स्वयंसेवकसहित करिब तीन हजार कर्मचारी खटाउने कार्यालयको तयारी छ । सूचना अधिकारी न्यौपानेका अनुसार त्यसको व्यवस्थापनका लागि जिल्लास्थित कार्यालयमा निर्वाचनमा खटाउन सकिने कर्मचारीको विवरण माग गरिसकिएको छ । "आगामी माघ २५ गतेभित्र निर्वाचनमा खटाउन सकिने कर्मचारीको विवरण पठाउन कार्यालयमा माग गरेका छौँ", उहाँले भन्नुभयो, "विवरण प्राप्त भएपछि कर्मचारीको विवरण तयार गरिनेछ ।" मतदाता शिक्षालाई अघि बढाउने सम्बन्धमा कार्यालय लागेको र आयोगबाट कार्यविधि आएसँगै उक्त काम अघि बढ्ने उहाँले बताउनुभयो ।

निर्वाचनमा कास्कीका तीनवटै क्षेत्रमा गरी कूल ४९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन् ।



पोखरामा विगत तीन साता भन्दा बढी समयदेखि फोहोर नठ्दा बजारै भरी यसरी अस्तव्यस्त फोहोरका थुप्रा रहेका छन् । गर्मी मौसम सुरु हुन लागेसंगै अब यसलाई समयमै व्यबस्थापन गर्न नसके रोग फैलिने त्रास रहेको वातावरण विज्ञहरु बताउनु हुन्छ । पोखराका मेयर धनराज आचार्यले अब छिट्टै फोहोर व्यबस्थापन हुने गरी ठाँउको खोजि भईरहेको बताउनु भएको छ । यद्यपी हालसम्म यसको समस्या र समाधान भएको छैन् । तस्बिरः दीननाथ बराल

## काँग्रेस भित्र अब कुनै गुट छैन-सभापति शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

प्रतिनिधि सभा सदस्यका लागि निर्वाचनको मिति नजिकिँदै गर्दा नेपाली काँग्रेस कास्की क्षेत्र नं २ अन्तरगत पोखरा-८ सिमलचौरमा आइतबार चुनाव प्रचार प्रसार समितिको मम्पर्क कार्यालय स्थापना गरिएको छ।

उक्त सम्पर्क कार्यालय नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मा र कास्की निर्वाचन क्षेत्र नं २ नेपाली काँग्रेसको तर्फबाट उम्मेदवार बनेका माधव प्रसाद बाँस्तोलाले संयुक्त रुपमा उद्‌घाटन गरेका थिए। कार्यालयको उद्‌घाटन गर्दै नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले विशेष महाधिवेशनपछि नेपाली काँग्रेसमा कुनै गुट नरहेको बताएका छन् । एक भएको काँग्रेसका उम्मेदवारलाई विजयी



गराउनुपर्नेमा उनले जोड दिए । साथै उनले पार्टीको जिम्मेवारी युवाको काँधमा गएकाले अब युवाका माग काँग्रेसले सम्बोधन गर्ने भनाइ उनको छ।

नेपाली काँग्रेस सुशासन, समृद्धि र महंगी नियन्त्रण गर्ने अभियानमा सधै लागिरहेको बताउँदै युवाका मागलाई सम्बोधन गर्दै काँग्रेस अगाडि वढ्छ, उनले भने- "काँग्रेस खुला किताव हो, यहाँ जुनसुकै मानिस पनि स्वतन्त्र रुपमा आफ्ना हरेक क्रियाकलाप गर्न सक्ने वातावरण काँग्रेसमा मात्र छ, अरु पार्टीका छैन ।" लामो समयदेखि प्रजातन्त्रका लागि लड्दै आएको नेपाली काँग्रेस बलियो पार्टी भएको देख्ने चाहना हरेक नेपालीको भएकाले त्यसै अनुसार पार्टी अगाडि वढ्ने भनाइ उनको छ। नेपाली काँग्रेसको तर्फबाट कास्की निर्वाचन क्षेत्र नं २ का उम्मेदवार माधव प्रसाद बाँस्तोला "मधु" ले नेपाली काँग्रेसले जेन्जीका मागलाई समेटेर अगाडि वढ्ने वताउँदै काँग्रेसले विशेष महाधिवेशनबाट पार्टी सभापति युवालाई नै सुम्पिएको बताए। आफ्नो विचारमा स्पष्ट रहेको नेपाली काँग्रेस संविधान संशोधन मार्फत संविधानका त्रुटी कमजोरी सच्याएर अगाडि वढ्ने प्रतिवद्धता मतदाता माझ व्यक्त गरे।

नेपाली काँग्रेस कास्की क्षेत्र नं २ का सभापति केशर निर्दोसीले सुधारिएर आएको काँग्रेसलाई नेपाली जनताले विश्वास गर्ने दावी गर्नुभयो ।

उक्त कार्यक्रममा नेपाली काँग्रेस पोखरा महानगरपालिका वडा नं ८ का एकाई समापति रमेश बरालले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने नेपाली काँग्रेस कास्की क्षेत्र नं २ का सचिव देवकृष्ण पराजुलीले कार्यक्रम संचालन गरेका थिए।

## नेकपाका उम्मेदवार राजकाजी कार्यकर्ता भेटघाटमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

कास्की क्षेत्र नम्बर १ मा नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले सहिदको शालिकमा माल्यार्पण गरेर घेटघाट शुरु गरेको छ।

सो क्षेत्रका प्रत्यक्ष तर्फका उम्मेदवार राजकाजी गुरुङसहितको टोलीले रुपा-३ टाकेञ्जास्थित सहिदहरु कमल भुजेल, सुमित्रा घिमिरे, तीर्थ भुजेल र बिजय बास्तोलाको शालिकमा माल्यार्पण गरेर आइतबारको भेटघाट शुरु गरेको हो।



भेटघाटमा स्थानीयले यस पटक नेकपालाई नै जिताउने वचन दिए । विगतमा अन्य दलको उम्मेदवारलाई जिताउँदा नेकपालेजस्तो विकास र सुशासन दिन नसकेकाले यस पटक फेरी नेकपालाई जिताउने बताएका थिए। तर नेकपाले पनि जनयुद्धका अजेण्डा छाड्न नहुने बताए । स्थानिय एक आमाले भक्कानिदै भनिन्,'नेकपाले जित्दाजस्तो विकास र सुशासन अरुले गरेनन्, त्यसैले यस पटक नेकपालाई जिताउँछौं । तर तपाईंहरुले पनि सहिदको सपना र वेपत्ताको योगदान नबिर्सिनूस् ।' अर्की आमा चिजा भुजेलले जेनजी आन्दोलनको वातावरण बनाउने कांग्रेस र एमाले र जेनजी आन्दोलनको नाममा आगजनी गर्ने बालेन र रविको हातमा सत्ता गए देशले दुःख पाउने बताईन् । उनले भनिन्,'त्यसैले हामी सचेत भएर नेकपालाई जिताउँछौं ।' सो अवसरमा उम्मेदवार राजकाजी गुरुङले पार्टी र आफू जनयुद्धको अजेण्डामा कायम रहेको बताए। उनले भने,'सहिदको सपना र वेपत्ता तथा घाईतेको योगदान कहिल्यै बिर्सिएको छैन र बिर्सने पनि छैन । त्यो सपना पूरा गर्ने भनेको समाजवादले मात्र हो, हामी त्यसकै लागि लडिरहेका छौं ।'

## फागुन पहिलो सातादेखि मतदाता शिक्षा कार्यक्रम

**पोखरापत्र संवाददाता**
दमौली, १८ माघ

फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै तनहुँ जिल्लामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने भएको छ।

निर्वाचनका क्रममा बदर मतको सङ्ख्या न्यून बनाउने उद्देश्यसहित जिल्ला निर्वाचन कार्यालय तनहुँले उक्त कार्यक्रम सञ्चालन गर्न लागेको हो । जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी विकास लम्सालका अनुसार जिल्लाका दशवटै स्थानीय तहमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । मतदातालाई मतदान प्रक्रियाबारे स्पष्ट जानकारी दिनु, मतपत्र प्रयोग गर्ने सही तरिका बुझाउनु तथा मतदान गर्दा ध्यान दिनुपर्ने विषयमा सचेत गराउनु कार्यक्रमको मुख्य लक्ष्य रहेको उहाँले बताउनुभयो । लम्सालले मतदाता शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुनसकेमा मतदातालाई मतदान गर्न सहज हुने र बदर मतको समस्या उल्लेखनीय रूपमा घट्ने विश्वास व्यक्त गर्नुभयो । विशेषगरी नयाँ मतदाता, पहिलो पटक मतदान गर्ने युवा, ज्येष्ठ नागरिक तथा कम साक्षर मतदातालाई लक्षित गरी व्यवहारिक अभ्याससहित कार्यक्रम सञ्चालन गरिने जानकारी पनि उहाँले दिनुभयो। कार्यक्रमअन्तर्गत मतपत्रमा सही चिन्ह कसरी लगाउने, समानुपातिक र प्रत्यक्ष प्रणालीको भिन्नता, मतदान केन्द्रमा पालना गर्नुपर्ने आचारसंहिता तथा मतदानको गोपनीयतासम्बन्धी विषयमा जानकारी दिइनेछ । जिल्ला निर्वाचन कार्यालयले सबै मतदातालाई मतदाता शिक्षा कार्यक्रममा सक्रिय सहभागिता जनाउन आग्रह गर्दै, निष्पक्ष, मर्यादित र सफल निर्वाचन सम्पन्न गर्न सामूहिक प्रयास आवश्यक रहेको जनाएको छ । निर्वाचनका लागि तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएका छन् । जिल्ला निर्वाचन कार्यालय


**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गगन थापा मुलुकको नेतृत्व गर्न तयारः उपसभापति शर्मा

**रासस**
काठमाडौं, १८ माघ

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पार्टीका सभापति गगनकुमार थापा मुलुकको नेतृत्व गर्न तयार रहेको बताउनुभएको छ।

झापा निर्वाचन क्षेत्र नं १ को आइतबार भएको क्षेत्रीय कार्यकर्ता भेलामा उपसभापति शर्माले देश बनाउने दूरदृष्टि भएका कारण पार्टीले सभापति थापालाई नै भावी प्रधानमन्त्रीका रुपमा प्रस्ताव गरेको बताउनुभयो । "नेपालको लोकतान्त्रिक आन्दोलनमा सभापति गगन थापाको योगदान, संस्कार र भिजन अतुलनीय छ," उहाँले भन्नुभयो, "त्यसैले नेपाली कांग्रेसले उहाँलाई प्रधानमन्त्री बनाउने प्रस्तावका साथ चुनावी अभियान सञ्चालन गरिरहेको छ।" उपसभापति शर्माले पार्टीको हालै सम्पन्न विशेष महाधिवेशनबाट भागबन्डा र गुटको राजनीतिलाई अन्त्य गरिदिएको बताउनुभयो । विगतमा ६० र ४० को भागबन्डा हुने गरेको चर्चा गर्दै अहिले पार्टी विभाजित मनस्थितिमा होइन, पूर्ण रुपमा चुनावमा होमिएको उहाँको भनाइ छ। पार्टीको विशेष महाधिवेशनपश्चात् उपसभापति शर्मा पहिलोपटक गृह निर्वाचन क्षेत्र झापा-१ को कार्यक्रममा आउनुभएको हो । सो क्षेत्रबाट नेपाली कांग्रेसले प्रतिनिधिसभा सदस्यमा केशवराज पाण्डेलाई उम्मेदवार बनाएको छ। उपसभापति शर्माले पार्टीका उम्मेदवार पाण्डेलाई चुनावमा जिताउन आह्वान गर्नुभयो।



# कास्की क्षेत्र नं २: कृषि र पर्यटन नै प्रमुख चुनावी मुद्दा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

कास्की जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमध्ये कास्की क्षेत्र नं २ मा समेटिएका भूभाग कहिले कुनै क्षेत्रमा त कहिले कुनै क्षेत्रमा अदलबदल भइरहेको पाइन्छ।

विसं २०४८ देखि २०६४ सालसम्म तीन मात्र निर्वाचन क्षेत्र रहेको कास्कीमा २०६४ सालदेखि २०७० सालसम्म चारवटा निर्वाचन क्षेत्र कायम गरिएको थियो । तर २०७४ सालपछि पुनः तीनवटा निर्वाचन क्षेत्र कायम भएका छन् ।

पछिल्लो भौगोलिक संरचनाअनुसार यो क्षेत्र यसअघिको क्षेत्र नं ३ का अधिकांश वडा मिलाएर बनाइएको छ। अघिल्लो भौगोलिक विभाजनअनुसार ३ नम्बर क्षेत्रमा रहेका सात र ३ नम्बर क्षेत्रमा रहेका चारवटा वडा हाल यस क्षेत्रमा पर्दछन् । पोखराका ४, ७, ८, ९, १७, २१ र ३३ नं वडा पहिले ३ नम्बरमा रहेका थिए भने अन्य ११, १५, १६ र २० नं वडा भने २ नम्बर क्षेत्रमा पर्दथे। विसं २०६४ अघि २ नम्बर क्षेत्र आठवटा तत्कालीन गाविस र पोखरा उपमहानगरपालिका मिलेर बनाइएको थियो । विसं २०६४ को निर्वाचनमा यस निर्वाचन क्षेत्रमा पुम्दीभुम्दी, कृष्तीनाच्ने चौर, निर्मलपोखरी, काहूँ, भलाम, लामाचौर, आर्वा र मौजा गाविस तथा पोखरा उपमहानगरका १८ वटा वडा पर्दथे। यस निर्वाचनमा निर्वाचन क्षेत्र नं २ मा कुल मतदाता ८४ हजार १३४ जना रहेको र मतदान केन्द्रको सङ्ख्या ९७ रहेको निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । यस क्षेत्रमा पोखरा महानगरका सबै वडा परे पनि अधिकांश विकासका दृष्टिले पछि परेको मतदाताको गुनासो छ। विकास र समृद्धिका विषय चुनावका समयमा राम्रै उठे पनि चुनाव सकिएपछि त्यसको कार्यान्वयनका विषय भने ओझेलमा परिरहेको यहाँका मतदाता बताउँछन् ।

यस क्षेत्रको वडा नं १६ भई जाने मध्यपहाडी लोकमार्गको विवाद लामो समयदेखि समाधान हुन नसक्दा काम अघि बढ्न नसकेको स्थानीय मतदातासमेत रहनुभएका अधिवक्ता हरिप्रसाद भट्टराईले बताउनुभयो । "लोकमार्गअन्तर्गत यस क्षेत्रको अर्मलाकोटदेखि जौबारीसम्मको सडकखण्डको दुई वर्षअघि नै ट्र्याक खुल्नुपर्ने भए पनि यस मार्गमा जग्गा पर्ने स्थानीयले अदालतमा मुद्दा दायर गरेकामा अदालतले अन्तरिम आदेश जारी गरेका कारण काम रोकिएको छ", उहाँले भन्नुभयो, "समस्या समाधानका लागि जग्गाधनीसँग राज्यले समन्वय गरेको दैखिँदैन, पीडितलाई उचित मुआब्जा दिएर यो समस्याको समाधान गर्नुपर्ने आवश्यकता छ।" वडा नं १६ को महेन्द्र गुफादेखि अर्मलाकोटसम्मको सडकलाई कालोपत्र गर्ने विषयलाई पनि यसपटकको चुनावमा उम्मेदवारसँग प्रतिबद्धता खोजिने मतदाता बताउँछन् । पोखरालाई खानेपानी पुर्‍याउने मुख्य स्रोत अर्मला रहे पनि यहाँका केही बस्ती खानेपानीबाटै वञ्चित बनेको अधिवक्ता भट्टराईले बताउनुभयो । यस क्षेत्रको समृद्धि र विकासका लागि कृषि र पर्यटन नै प्रमुख सम्भावनाको क्षेत्र भएको बताउने स्थानीय यहाँस्थित कालीलेकमा भएका जडीबुटीलाई आयआर्जनको महत्त्वपूर्ण विकल्प बनाउन सकिने बताउँछन् ।

कालीलेक क्षेत्रमा पाइने दुर्लभ वनस्पति लौठसल्ला आदिको भरपुर उपयोग हुनुपर्ने स्थानीयको तर्क छ। यहाँको चोकोडाँडालगायतको पर्यटकीय उपयोग हुनुपर्नेमा उनीहरूको जोड छ। कुनै बेला मूलागाउँका रूपमा परिचय बनाइसकेको अर्मलामा अहिले मूलाको उत्पादन कम हुँदै गएको बताउँदै भट्टराईले यस क्षेत्रलाई कृषिको पकेट क्षेत्रका रूपमा विकास गर्दै स्थानीयको आजआर्जन बढाउन सकिने बताउनुभयो । महानगरका रूपमा विभिन्न किसिमका चर्को दररेटका कर तथा तिरो तिर्ने गरे पनि महानगरको अनुभूति गर्न भने नपाइएको यहाँका मतदाताको गुनासो छ। यस निर्वाचन क्षेत्रभित्र मुख्य बजार क्षेत्रमा रहेका वडा नं ४, ७, ८, ९, ११, १५, १७ का स्थानीयवासी व्यवस्थित सहरीकरणको अपेक्षामा छन् भने महानगरका वडा भएर पनि १६, २०, २१ र ३३ नं वडाभित्रका कतिपय स्थान अझै दुर्गमजस्तै रहेको स्थानीयको दुखेसो छ। महानगरको वडा नं ३३ स्थित सुरौदी तथा चवादी क्षेत्रमा पोखराबाट सिधै नभई तनहुँको दुलेगौडाबाट जान सजिलो छ।

सडक तथा यातायतको पहुँच अभावकै कारण यहाँका सर्वसाधारण आफ्नै जिल्लाको सदरमुकाम पोखरा जान पनि तनहुँको दुलेगौडा हुँदै जानुपर्ने बाध्यता रहेको समाजसेवी यामप्रसाद पौडेलले बताउनुभयो । यस क्षेत्रमा बग्ने सुरौदी खोलाको कटान नियन्त्रणका लागि पटकपटकका चुनावमा भोट माग्न आउने उम्मेदवारलाई समस्या दर्शाउने गरेका यहाँका स्थानीयले उम्मेदवार तथा पार्टीबाट चुनावका समयमा राम्रै आश्वासन पाए पनि त्यसलाई व्यवहारमा भने देख्न नपाएको सुरौदीका अगुवा किसान रमेश आचार्यको भनाइ छ । सुरौदी खोलाको जलाधार नियन्त्रण गर्दै आसपासका जग्गामा सिँचाइ उपलब्ध गराउन सकेमा यहाँको उत्पादनले समग्र पोखरालाई नै आत्मनिर्भर बनाउन सक्ने अवस्था रहेको उहाँले बताउनुभयो। यहाँका केही स्थानमा झोलुङ्गे पुल अत्यावश्यक रहेको स्थानीयवासी बताउँछन् । जलाधार क्षेत्रको सुरौदी खोलामाथि तिखेढुङ्गा र पहरे जोड्ने झोलुङ्गे पुल नहुँदा यस क्षेत्रमा खेतीपाती र आवतजावत गर्नेहरूले बर्खाका समयमा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको उनीहरूको दुखेसो छ । यस क्षेत्रमा खोला तर्ने पुलका लागि यहाँबाट माथि वा तल पाँचसात किलोमिटर हिँड्नुपर्ने बाध्यताका कारण पनि तत्कालै झोलुङ्गे पुल अपरिहार्य देखिएको उनीहरूको तर्क छ।

यस क्षेत्रको दोभानस्थित टुनीखोला र कदमबोटे-कुर्लिङ क्षेत्रमा पक्की पुल अपरिहार्य देखिएको उहाँले बताउनुभयो।सुरौदीकोजलसम्पदाकोउपयोग गर्दै जलपर्यटनको विकाससँगै यस क्षेत्रमा रहेको सुरौदी क्षेत्रको कुर्लिङ बराह, पुँडीटारको भुलभुला बाराही, भरतपोखरीको ऐतिहासिक मल्लकालीन कोटभैरव मन्दिरलाई धार्मिक पर्यटनको गन्तव्य बनाउन सकिने स्थानीयवासी बताउँछन् । यहाँका हुडिकोट बरपाण्डेथुमजस्ता क्षेत्रको पर्यटकीय विकाससँगै दूधको सहरका रुपमा पहिचान बनाएको बागमारा क्षेत्रलाई कृषि पर्यटनको पकेट क्षेत्रका रूपमा विकास गर्न सकिने देखिन्छ । कर महानगरकै तिरेर पनि महानगरवासीको अनुभूति गर्न नपाएको दुखेसो गर्ने यहाँका मतदाताले आसन्न निर्वाचनमा उम्मेदवारसँग यी विषयहरूमा प्रतिबद्धता खोज्ने जनाएका छन् ।

यस निर्वाचनमा यस क्षेत्रमा १७ जनाले उम्मेदवारी दर्ता गराएकामा १२ राजनीतिक दलका र पाँच स्वतन्त्र उम्मेदवार रहनुभएको छ। यस क्षेत्रमा नेपाली कांग्रेसबाट माधवप्रसाद बाँस्तोला, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट रश्मि आचार्य, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट हेमबहादुर थापा पराजुली, राष्ट्रिय स्वतन्त्र पार्टीबाट उत्तमप्रसाद पौडेल, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट हेमजङ्ग गुरुङलगायत चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

# माघ २७ देखि २५औँ आहा-रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

पोखरामा यही माघ २७ गतेदेखि सुरु हुने २५औं संस्करणको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा-रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिता २०८२ मा ४ विदेशी सहित १२ टिमको सहभागिता हुने भएको छ।

सहारा क्लब पोखराको आयोजनामा फागुन ९ गतेसम्म पोखरा रंगशालाको फुटवल मैदानमा सञ्चालन हुने प्रतियोगितामा भारतका दुई टिम, हङकङ र उज्वेकिस्तानको टिम र नेपालका चर्चीत क्लवहरु सहित १२ टिमको सहभागिता हुने भएको आइतबार क्लवले पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी गराएको हो । प्रतियोगितामा यस बर्ष पुरस्कार राषिमा बृद्धि गरिएको छ। प्रतियोगिताको यस संस्करणमा उपाधि विजेताले १४ लाख १ हजार रुपैयाँ र उपविजेताले ७ लाख १ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने भएको क्लवका अध्यक्ष केशवबहादुर थापाले बताउनु भयो। गत बर्ष प्रतियोगिताको विजेताले १२ लाख १ हजार र उपविजेताले ६ लाख १ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गरेका थिए । प्रतियोगितामा नेपाल पुलिस क्लब, नेपाल एपीएफ क्लब, मच्छिन्द्र फुटबल क्लब, जावलाखेल युथ क्लब, चर्च ब्वाइज युनाइटेड, मनाङ मर्स्याङ्दी क्लब, प्लानिङ ब्वाइज युनाइटेड, सहारा क्लब पोखरा लगायतका नेपाली टिमहरूको सहभागिता रहनेछ । यस्तै भारतबाट बण्डरवोल्ड युनाइटेड (सिक्किम) सहित दुई टिम तथा उज्वेकिस्तानको आभा फुटबल क्लब र गोर्खा इन्टरनेशनल फुटबल क्लब हङकङ गरी विदेशी टिमहरू सहभागी हुने आयोजकले जनाएको छ।

अध्यक्ष थापाले प्रतियोगितालाई थप आकर्षक बनाउन अस्थायी रूपमा ३५ फिट उचाइको फ्लडलाइट जडान गरी सन्ध्याकालीन खेल सञ्चालन गरिने जानकारी दिनुभयो। उहाँका अनुसार पहिलो हाफ उज्यालोमा र दोस्रो हाफ साँझको अध्यारोमा खेलाइनेछ। झापाबाट फ्लडलाइट ल्याएर जडान गर्दा करिब २० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । क्लवका बरिष्ठ उपाध्यक्ष तथा खेल संयोजक पूर्णबहादुर गुरुङले यस वर्ष पुरस्कार राशिमा वृद्धि गरिएको बताउनुभयो । प्रतियोगिताले पोखरालाई खेलकुद पर्यटन शहरका रूपमा स्थापित गर्न सहयोग पुग्ने उहाँको भनाइ छ । हिमश्री फुड्स प्रा.लि.को उत्पादन आहा तथा रारा तयारी बाउचाउ प्रतियोगिताको मुख्य प्रायोजक रहेको छ। प्रतियोगिता सञ्चालनमा पोखरा महानगरपालिका संरक्षक, राष्ट्रिय खेलकुद परिषद, अखिल नेपाल फुटबल संघ, प्रदेश खेलकुद परिषद गण्डकी, जिल्ला खेलकुद विकास समिति कास्की, एन्फा कास्की, सहारा यूके, सहारा हङकङ र सहारा क्लब अष्ट्रेलियाको विशेष सहयोग रहनेछ । २५औं संस्करणको यो प्रतियोगिताले पोखरा पर्यटन वर्ष २०२५/२६ प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने आयोजकको विश्वास छ । क्याराभान गोल्ड कपसहित सहित यस बर्ष २५ औं संस्करणको उक्त प्रतियोगिता हुने भएको सदस्य सचिव गंगाराज पौडेलले बताउनु भयो । हिमश्री फुड्स प्रा.लि.का निर्देशक प्रकाश केसीले आफ्ना बाबुको पाला देडिएको सम्बन्ध आफुहरुले त्ययसलाई निरन्तरता दिदै आएको बताउदै आहा रारा पोखरा गोल्ड कपलाई अझ उत्कृष्ट खेल प्रर्दशन गराउन सुझाव दिनु भयो । आहा तयारी चाउचाउ हालै पुनः बजारमा ल्याएको उहाँले जनाउनु भयो । पाहुना टोली उज्विकिस्तानको ब्ल्याक बुल्स फुटवल क्लवले २४ औं संस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिताको उपाधि जितेको थियो।

# पोखरामा १० दिने उद्यमशीलता विकास प्रशिक्षक तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखराको सहकार्य तथा व्यवसाय प्रवर्द्धन केन्द्र पोखरा महानगरपालिकाको आयोजनामा सञ्चालन गरिएको १० दिने उद्यमशीलता विकास प्रशिक्षक तालिम सफलतापूर्वक सम्पन्न भएको छ।

२०८२ असोज ४ गतेदेखि २०८२ असोज १८ गतेसम्म सञ्चालन गरिएको तालिममा २० जना सहभागी प्रशिक्षार्थी रहेका थिए। जसमध्ये कार्यक्रमका सम्पुर्ण चरण पार गरि सफलतापूर्वक सम्पन्न गरेका सहभागीहरुले तालिम सम्पन्नताको प्रमाणपत्र प्राप्त गरेका छन् । तालिमको उद्देश्य उद्यमशीलता विकासका लागि दक्ष प्रशिक्षक तयार गर्नु, युवा तथा समुदायस्तरमा व्यवसायिक सीप विस्तार गर्नु तथा स्वरोजगार प्रवर्द्धन गर्नु रहेको आयोजकले जनाएको छ।

पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाको अध्यक्षता, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीको प्रमुख आमान्त्रित व्यक्तिको आतित्यथामा सञ्चालित उक्त तालिममा समापन सत्रको सञ्चालन गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका निर्देशक लक्ष्मण तिमिल्सिनाले गर्नुभएको थियो । कार्यक्रममा उद्यम योजना निर्माण, बजार विश्लेषण, वित्तीय व्यवस्थापन, तालिम सञ्चालन विधि तथा व्यवसायिक परामर्श जस्ता महत्त्वपूर्ण विषयहरुमा व्यवहारिक अभ्याससहित प्रशिक्षण दिइएको थियो। विभिन्न सत्रहरुमा प्रशिक्षकको रुपमा सुरेन्द्र बाबू तिवारी, लक्ष्मण तिमिल्सिना, मनोज पौडेल, प्रेमलाल लामिछाने, भिम वि क, नारायण पौडेल , राम प्रसाद तिवारी, शिव ढुङ्गाना, सुवास मल्ल, डा दिपेश रानाभाट, डा देविलाल तिमिल्सिना, होमनाथ गैरे, कृष्ण प्रसाद धिताल, भक्तराज रसाइली लगायत विषय विज्ञले आआफ्नो क्षेत्रका विषयमा सहजीकरण गर्नुभएको थियो। माघ १८ गते संचालित समापन समारोह तथा प्रमाणपत्र वितरण कार्यक्रममा पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाको अध्यक्षता, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीको प्रमुख आमान्त्रित व्यक्तिको आतित्यथामा सञ्चालित उक्त तालिममा समापन सत्रको सञ्चालन गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका निर्देशक लक्ष्मण तिमिल्सिनाले गर्नुभएको थियो । साथै उक्त तालिममा प्रतिष्ठानका उपसचिव नारायण प्रसाद पौडेल र निर्देशक इ. सुजन नेपालको उपस्थीति रहेको थियो। प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीले यो तालिमले गण्डकी प्रदेशमा उद्यमशिलता विकास सम्बन्धी प्रशिक्षक उत्पादन भएको हुँदा गण्डकीको आर्थिक विकासमा जागरण सिर्जना गर्न यहाँहरुको महत्वपूर्ण भुमिका निर्वाह गर्ने बताउनुभयो।

सहभागिको तर्फबाट बोल्दै पुष्पराज कोइरालाले यो तालिमले एक सफल उद्यमीमा हुनुपर्ने गुण थाहा पाउहुनुका साथै तालिम व्यवस्थापन र सञ्चालन कसरी गर्ने, तालिममा सिकाईका लागि कुन बिधि र सिद्धान्त प्रयोग गर्ने जस्ता महत्वपुर्ण कुराहरु सिक्न पाउदा खुशी लागेको वताउनुभयो । प्रतिष्ठान तथा आयोजकका अनुसार यस्ता तालिमले स्थानीय तहमा उद्यमशीलता प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुग्ने अपेक्षा गरिएको छ।

# महिला टी २० विश्वकप छनोट प्रतियोगिता सम्पन्न

**रासस**
काठमाडौं, १८ माघ

आइसिसी महिला टी २० विश्वकप ग्लोबल छनोट प्रतियोगिता सम्पन्न भएको छ।

आइतबार त्रिभुवन विश्वविद्यालय क्रिकेट रङ्गशालामा सुपर सिक्स चरणको अन्तिम खेलमा स्कटल्यान्डले संयुक्त राज्य अमेरिकालाई ४१ रनले पराजित गरेसँगै प्रतियोगिता सम्पन्न भएको हो । यससँगै आगामी वर्ष बेलायत र वेल्समा आयोजना हुने विश्वकप खेल्ने चार टोलीको टुङ्गो लागेको छ। चार टोलीमा बङ्गलादेश, आयरल्यान्ड, स्कटल्यान्ड र नेदरल्यान्ड रहेको छन्।

# फागुन...

तनहुँका अनुसार त्यसमध्ये पुरुषको सङ्ख्या एक लाख २३ हजार ४९१ र महिलाको सङ्ख्या एक लाख ३० हजार ९०६ जना रहेको छ। दश पालिकामध्ये सबैभन्दा बढी मतदाता व्यास नगरपालिकामा र सबैभन्दा कम मतदाता देवघाट गाउँपालिकामा छन्। दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको यहाँ तनहुँ क्षेत्र नं १ तर्फ एक लाख ३६ हजार ११८ र क्षेत्र नं २ तर्फ एक लाख १८ हजार २७९ मतदाता कायम भएका छन्। क्षेत्र नं १ तर्फ व्यास नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिकारदेवघाटगाउँपालिका पर्दछ । क्षेत्र नं २ तर्फ शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिका पर्दछ । यस पटकको निर्वाचनका लागि ऋषिङ गाउँपालिका-४ र ६ मा एक/एक मतदान केन्द्र थप भएको छ । जिल्लामा १४४ मतदानस्थल र ३०० मतदान केन्द्र रहेका छन्।

निर्वाचन प्रहरी तालिम

जिल्ला प्रहरी कार्यालय तनहुँले निर्वाचनमा खटिने निर्वाचन प्रहरीका लागि आजदेखि तालिम सञ्चालन गर्ने भएको छ। निर्वाचनमा खटिनेलाई जिल्लाका पाँच ठाउँमा तालिम सञ्चालन गर्न लागिएको हो। निर्वाचन प्रहरीमा दरखास्त दिई मुख्यतर्फ उत्तीर्ण उम्मेदवारको नियुक्तिसँगै तालिम सञ्चालन गरिने जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्ला प्रहरी कार्यालय तनहुँको व्यास नगरपालिका-५ पाटन खेलमैदानमा, इलाका प्रहरी कार्यालय आँबुखैरेनीको आँबुखैरेनी क्याम्पसमा, इलाका प्रहरी कार्यालय बेलचौताराको बेलचौतारा खेलमैदानमा, इलाका प्रहरी कार्यालय भानुको गोठेटार खेलमैदानमारइलाकाप्रहरीकार्यालय बन्दीपुरको बन्दीपुरमा तालिम सञ्चालन गरिनेछ । कार्यालयले एक हजार ५७३ निर्वाचन प्रहरी भर्ना गर्न लागेको छ । आवेदन कम भएपछि कार्यालयले दुई पटक आवेदन दिने समय थप गरेको थियो । प्रनाउ विकले भन्नुभयो, "आफूलाई पायकपर्ने स्थानमध्ये जहाँ सम्पर्क गर्दा पनि हुन्छ, पाँच ठाउँमा तालिम सञ्चालन हुन्छ ।" कार्यालयले १९६ जनालाई वैकल्पिक सूचीमा राखेको छ । वैकल्पिक सूचीमा रहेकालाई स्याङ्जा पठाउने तयारी गरिएको छ । स्याङ्जामा निर्वाचन प्रहरीका लागि कम आवेदन परेपछि इच्छुक हुनेलाई स्याङ्जा पठाइने प्रनाउ विकले बताउनुभयो। निर्वाचनमा निर्वाचन प्रहरीसँगै करिब दुई हजार सुरक्षाकर्मी परिचालन गरिनेछ । निर्वाचनमा परिचालन गरिने कर्मचारी, प्रहरीको विवरण सङ्कलनको काम भइरहेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ।


## सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं।

**सार्वजनिक निकायले,**

- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राखु पर्दछ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोवाइल नं. र तस्विर सबैले देखे गरी कार्यालयमा र वेब साइटमा राख्नु पर्दछ।
- कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ। नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# आचारसंहिताको पालनामा कडाइ गर

नेपालको संविधानले व्यक्तिको गोपनीयताको अधिकार दिएको छ । निर्वाचनमा गोप्य मतदान दिनका लागि सबै प्रकृया अपनाउनुपर्छ । अहिले सामाजिक संजालबाट कसलाई मत दिनुहुन्छ भनेर सिधै माइक वा वुम मुखमा लाने गरिएको छ । निर्वाचन आयोगले जारी गरेको आचारसंहिता पालना गर्नुपर्ने राजनीतिक दल, उमेदवार, संचार माध्यम, सरकारी निकाय, निजी क्षेत्र लगायतको हो।निर्वाचनमा राजनीतिक दल वा उमेदवारले कस्ता प्रतिबद्धता र घोषणापत्र ल्याउँछन त्यसका आधारमा नभइ सिधै कस्लाई भोट दिने भनेर गोप्य मतदानको अधिकारमाथिको खेलवाड हो । निर्वाचन आयोगले आचारसंहिता पालना नगर्ने हो भने सबै देखाउनका लागि हुन भन्ने बुझ्न सकिन्छ । निर्वाचन आयोगले आफ्नो अधिकार बुझ्न नसकेर भौतारिदा कानुन हातमा लिने प्रबृत्ति बढेर जान्छ । अति हुन थालेपछि निर्वाचन आयोगले 'एक्जिट पोल' गराउने वेबसाइटहरू नेपालभित्र बन्द गराउन दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरेको छ ।

सञ्चार माध्यमका रूपमा दर्ता नभएका र उम्मेदवारहरूको बीचमा अनलाइन मतदान र रिजल्ट प्रक्षेपण गरिएका वेब पोर्टलहरू आयोगले बन्द गर्न पत्र लेखेको हो । निर्वाचन आयोगले दुरूसञ्चार प्राधिकरणलाई पठाइएको पत्रमा ' निर्वाचन आचार संहिताको बर्खिलाप हुने गरी मतपरिणामको सम्बन्धमा सर्वेक्षण भइरहेको पाइएकाले' वेबसाइटहरूलाई नेपालमा बन्द (ब्लक) गर्न भनिएको छ । आयोगको पत्र प्राप्त भएपछि प्राधिकरणले पनि मोबाइल सेवा प्रदायक र इन्टरनेट सेवा प्रदायकहरूलाई सर्वेक्षण गर्ने वेबपोर्टलहरू बन्द गराउन पत्र लेखेको छ । आयोगले अहिलेसम्म 'रेट माइ नेता', एक्जिट पोल नेपाल, नेपाल पोल, एचओआर २०२६, नेपाल राइटस् र पोलिमार्केट गरी ६ वटा वेबपोर्टल ब्लक गर्न पत्र लेखेको छ ।

सञ्चार माध्यमका रूपमा दर्ता नभएका र निर्वाचन प्रभावित गराउने गरी खुलेका वेबसाइटहरूलाई ब्लक गर्ने आयोगको नीति छ । अहिले आफुलाई शक्तिशाली, लोकप्रिय देखाउन अटेरी गर्नेहरु हावी हुन खोजेका छन ।

त्यस्तै कान्तिपुर मिडिया ग्रुपले सञ्चालन गरिरहेको वेब पोर्टलमा गरिरहेको एप्रुभल रेटिङ आचारसंहिता विपरीत भएको भन्दै आयोगले नेपाल प्रेस काउन्सिलाई पत्र लेखेको छ । निर्वाचन आयोगको केन्द्रीय आचारसंहिता अनुगमन समितिले सर्वेक्षण गर्ने र एप्रभुल रेटिङ गर्ने वेबसाइटहरूका विषयमा छलफल गरेको थियो । आइतबार आयोगले गरेको पत्रकार सम्मेलनमा प्रवक्ता नारायणप्रसाद भट्टराईले सामाजिक सञ्जालमा फैलिरहेको मिथ्या सूचना 'मिस इन्फरमेसन' रोक्न आयोगले काम गरिरहेको बताए । उनले १२२ वटा सामाजिक सञ्जालका पोस्टबारे कारबाही गर्न साइबर ब्युरोलाई, १५ वटा प्रकाशित सामग्रीबारे प्रेस काउन्सिललाई र ६ वटा दुष्प्रचार गर्ने वेबसाइट बन्द गर्न दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरिएको जानकारी दिए ।

निर्वाचन आयोगले यस्ता वेबसाइटहरूले आचारसंहिताको दफा ४ (त) उल्लंघन गरेको उल्लेख गर्दै पत्राचार गरेको छ । उक्त दफामा 'उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान सम्पन्न भएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नहुने' व्यवस्था छ । कानुनबमोजिम कार्वाही गरेर मात्र आयोगको भुमिका बढेर जानेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : आर्थिक समस्या |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बड्ने | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# भानुका शिक्षकलाई 'एआई' तालिम

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ माघ

भानु नगरपालिका भित्रका विभिन्न विद्यालयमा सेवारत शिक्षकका लागि कृतिम बौद्धिकता (एआई)सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

शिक्षकहरूको क्षमता अभिवृद्धि र विद्यालयको गुणस्तर शिक्षा सुधार गर्ने उद्देश्यले आयोजित तालिममा ९० शिक्षक सहभागी थिए । प्रत्येक समूहमा ३० जनाका दरले ९० जना शिक्षकलाई प्रशिक्षित गराइएको भानु नगर शिक्षा अधिकारी ध्रुवराज पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "शिक्षामा एआईको प्रयोगमार्फत विद्यार्थीलाई भविष्यमा चुनौती सामना गर्न सक्षम, सीपयुक्त र आत्मनिर्भर बनाउन शिक्षकका लागि समय सान्दर्भिक, दूरदर्शी र अत्यावश्यक कदमका रूपमा लिइएको छ ।" नगरप्रमुख आनन्दराज त्रिपाठीले समयअनुसार शिक्षक स्वयं अद्यावधिक नहुँदा विद्यार्थी र विद्यालय दुवै पछि पर्ने खतरा रहेकाले यस किसिमको तालिमलाई प्राथमिकता दिइएको बताउनुभयो । "अबको शिक्षा प्रविधिसँगै अघि बढ्नुपर्छ, शिक्षकहरू परिवर्तनका अगुवा हुनुपर्छ", उहाँले भन्नुभयो, "एआईजस्ता प्रविधि सही ढङ्गले प्रयोग गर्नसके विद्यालय शिक्षा व्यावहारिक, जीवनोपयोगी र प्रतिस्पर्धी बन्ने सक्दछन् ।' तालिममा प्रशिक्षकका रूपमा भक्तपुर सानोठिमी क्याम्पसका उपप्राध्यापक विश्वराज जोशी रहनुभएको छ । उहाँले भन्नुभयो, "आजका विद्यार्थीहरू डिजिटल वातावरणमै हुर्किरहेका, प्रविधिमा चासो राख्ने तथा नवीन सिकाइ विधिप्रति उत्सुक भएकाले परम्परागत शिक्षणशैली मात्र पर्याप्त हुँदैन ।"

# तल्लो सेती जलविद्युत् आयोजना: पहुँच सडक निर्माण सुरु

**पोखरापत्र संवाददाता**
दमौली, १८ माघ

तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाको पहुँच सडक निर्माण सुरु गर्न लागिएको छ । एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको लिमिटेडले यहाँबाट खेरजान पानीको सदुपयोग गर्दै तल्लो सेती जलविद्युत् आयोजना निर्माणको प्रक्रिया अगाडि बढाएको हो ।

त्यसका लागि निर्माण व्यवसायीले आयोजनाको पहुँच सडक निर्माण तथा कार्यालय स्थापना सुरु गरेको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । आयोजनाबाट प्राप्त हुने नियन्त्रित र मादी नदीबाट प्राप्त हुन थप पानी प्रवाहलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो । तल्लो सेती जलविद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भइसकेको छ । आयोजनाको जग्गा अधिग्रहण प्रक्रियासमेत अगाडि बढिसकेको छ। आयोजनाका विभिन्न संरचनाका लागि आवश्यकपर्ने निजी जग्गा अधिग्रहणका प्रक्रिया अगाडि बढाउन प्रस्ताव स्वीकृतिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेस गरिएको जनाइएको छ । आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ । पानीको प्रवाहलाई देवघाट-३ र ४ हुँदै छ दशमलव आठ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमदेखि करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ । आयोजनाबाट बन्दीपुर-६, व्यास नगरपालिका-१३, १४, देवघाट गाउँपालिका-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६, भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुनेछन् । देवघाट-४ गाईघाटमा अर्धभूमिगत विद्युत्गृहको निर्माण गरी विद्युत् उत्पादन गरिनेछ । उत्पादित विद्युत् लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिनेछ । यसका लागि करिब दुई किलोमिटर प्रसारण लाइनको निर्माण गर्नुपर्छ । अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किलोमिटर लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुने छ । आयोजनाबाट वार्षिक रुपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुनेछ । आयोजनाको अनुमानित लागि रु २५ अर्ब रहेको छ । कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको छ । साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब तीन दशमलव पाँच मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी कागजात तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो ।

# एक महिनामा ९२ हजार पर्यटक नेपाल भित्रिए

**रासस**
काठमाडौं, १८ माघ

सन् २०२६ को पहिलो महिना जनवरीमा ९२ हजार ५७३ पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डले दिएको जानकारी अनुसार गत वर्षको जनवरीको तुलनामा १५.७ प्रतिशत बढी पर्यटक नेपाल भित्रिएका हुन् । जनवरीमा नेपाल आउने पर्यटकमध्ये सबैभन्दा बढी भारतीय रहेका छन् । जनवरीमा भारतबाट २६ हजार ६२४ पर्यटक नेपाल आएका थिए । यस्तै, चीनबाट नौ हजार १०१, संयुक्त राज्य अमेरिकाबाट आठ हजार ४०६, बङ्गलादेशबाट पाँच हजार ८१४ तथा अस्ट्रेलियाबाट चार हजार ९५७ पर्यटक नेपाल भित्रिएका थिए । दक्षिण एसियाली मुलुक (सार्क) बाट ३९.३ प्रतिशत पर्यटक नेपाल आएका थिए ।

अन्य एसियाली देशबाट २६.१ प्रतिशत, युरोपबाट १२.३ प्रतिशत, अमेरिकाबाट १०.८ प्रतिशत र ओसियानियाबाट ५.७ प्रतिशत पर्यटक नेपाल आएका थिए । मध्यपूर्वबाट एक प्रतिशत र अफ्रिकाबाट ०.४ प्रतिशत पर्यटक नेपाल आएका थिए ।

# स्रोत जुटाएर ब्याडमिन्टन कभर्डहल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ माघ

बेनी नगरपालिका-४ डामडाँडामा ब्याडमिन्टन कभर्डहल निर्माण गरिएको छ । वडा कार्यालय, समुदाय र प्रवासमा रहेका स्थानीयवासीको रु २० लाख बढी लगानीमा ब्याडमिन्टन कभर्डहल निर्माण गरिएको हो ।

कभर्डहलको शनिबार उद्घाटन गरिएको छ । कभर्डहलको उद्घाटन गर्दै बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले पछिल्लो समय लोकप्रिय खेलका रूपमा विकास हुन थालेको ब्याडमिन्टन खेलअभ्यास तथा प्रतियोगिता सञ्चालनका लागि कभर्डहलले सहयोग पुग्ने बताउनुभयो । उहाँले सरकारी बजेटमा करिब दोब्बर सहयोग र श्रमदान जुटाएर खेलकुद पूर्वाधार निर्माण गरी स्थानीयवासीले उदाहरणीय कार्य गरेको बताउनुभयो । आर्थिक वर्ष २०७९/८० देखि निर्माण सुरु भएको कभर्डहल निर्माणले पूर्णता पाएसँगै ब्याडमिन्टन खेलाडी उत्साहित बनेका छन् । कभर्डहलको पूर्वाधार निर्माण गर्न दुई वर्षमा गरी वडा कार्यालयबाट रु सात लाख विनियोजन भएको थियो भने स्थानीयवासीले देउसीभैलोबाट रु दुई लाख तथा प्रवासमा रहेका स्थानीयवासीबाट उपलब्ध भएको रु ११ लाख ६२ हजार उठेको कभर्डहल निर्माण अभियानका संयोजक सुमन गुरुङले जानकारी दिनुभयो ।

करिब १५० जना दर्शकले खेल अवलोकन गर्न मिल्नेगरी पूर्वाधार निर्माण गरिएको छ । वडाभित्रका हरेक बस्तीमा खेलमैदान तथा खेलपूर्वाधार निर्माण गर्ने अभियानअन्तर्गत वडा र समुदायको साझेदारीमा कभर्डहल निर्माण भएको बेनी नगरपालिका-४ का वडाध्यक्ष अणबहादुर खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार डामडाँडाका साथै सिङ्गा र तातोपानीमा गरी तीन स्थानमा ब्याडमिन्टन कभर्डहल निर्माण भएको र पूर्वाधार बनाउन वडामार्फत रु ३३ लाख खर्च भएको र समुदायले समेत त्यसमा थप सहयोग र श्रमदान जुटाएर ब्याडमिन्टन कभर्डहल निर्माण भएका हुन् ।

कभर्डहल उद्घाटन समारोहमा बेनी नगरपालिकाका प्रवक्ता रमेशकुमार श्रेष्ठ, कार्यपालिका सदस्य कृष्णकुमार विश्वकर्मा, वडा सदस्य सन्दीप खत्री, नेपाली कम्युनिष्ट पार्टीका तेजबहादुर बानियाँ, नेपाली कांग्रेसका सुमन बानियाँ, नेकपा एमालेका तुलप्रसाद श्रेष्ठ, बालमखोला सिँचाइ उपभोक्ता समितिका अध्यक्ष भीम गुरुङलगायतले मन्तव्य राख्नुभएको थियो ।

# लोकमार्गको बागलुङ-बिहुँ खण्ड: नौ वर्षमा पाँचपटक म्याद थप

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १८ माघ

मध्यपहाडी पुष्पलाल लोकमार्गको बागलुङ बजारदेखि बिहुँ बयलडाँडाको १३ किलोमिटर सडक नौ वर्षमा पुनः ठेक्का लगाउने तयारी गरिएको छ । दुई वर्षमा कालोपत्र सक्नुपर्ने राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको थियो ।

नौ वर्षमा पाँचपटक म्याद थप्दा पनि नसकिएको सडकको ठेक्का रद्द गरेर पुनः ठेक्काका लागि अन्तिम मूल्याङ्कनमा रहेको पर्वतस्थित मध्यपहाडी पुष्पलाल लोकमार्ग आयोजना कार्यालयले जनाएको छ । निर्माण व्यवसायीले चरम लापरवाही गरेका कारण उक्त ठेक्का २०८२ पुस १७ गते तोडेर अन्तिम मूल्याङ्कनको काम भइरहेको इन्जिनियर कल्पना मिश्रले जानकारी दिनुभयो । मिश्रका अनुसार निर्माण व्यवसायीले गरेको हालसम्मको ८० प्रतिशत प्रगतिमध्ये भुक्तानी दिन बाँकी र क्षति पुगेको पूर्वाधारको मूल्याङ्कन भइरहेको छ । "ठेक्का रद्दको लामो प्रक्रिया छ, अर्थ मन्त्रालयले स्वीकृति छिटो दिएमा एक वर्षभित्रमा नयाँ ठेकेदार आउँछ, अहिले अन्तिम मूल्याङ्कन भइरहेको र मूल्याङ्कनमा निर्माण व्यवसायीलाई दिन बाँकी बिल भए दिने र आयोजनाले लिन पर्ने भए लिने गरी टुङ्ग्याइन्छ", मिश्रले भन्नुभयो, "पहिलो ठेकेदारसँग हिसाब मिलान भए पनि अहिलेको मूल्यका आधारमा बाँकी कामको लागत अनुमान गरेर अर्थ मन्त्रालयमा पठाइन्छ, अर्थले स्वीकृत गरेपछि नयाँ ठेक्का खुल्छ ।"बागलुङ-बिहुँ खण्डको १३ किलोमिटर सडक २०७३ साल माघ १४ गते भारत/सिद्धिसाइसँग दुई वर्षमा सक्नेगरी रु ४३ करोड ६५ लाखमा सम्झौता भएको थियो । निर्माण व्यवसायीले १३ मध्ये छ किमी सडक कालोपत्र गरेर अलपत्र पारेपछि स्थानीयको आन्दोलनपछि ठेक्का रद्द गरिएको हो । कालोपत्र गरेको सडक पनि उप्किएर बिग्रिएको छ ।

दुई वर्षमा सक्ने ठेक्का नौ वर्षमा नसकिएपछि ठेक्काको पाँचौँपटक म्याद थप्दा पनि ८० प्रतिशत मात्र भौतिक प्रगति भएपछि म्याद थप नगरी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने प्रक्रिया थालिएको हो । ठेकेदारले सडक स्तरोन्नति र कालोपत्रका लागि रु ३४ करोड ३१ लाख भुक्तानी लिइसकेको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक श्रद्धाञ्जली**



जन्म: वि.स. १९९९/०२/३२ गते

स्वर्गारोहण: वि.स. २०८२/१०/०७ गते

स्व: राधादेवी कोईराला

यस पितृमोक्ष किरियाकर्म सेवा समितिका कार्य समितिका सदस्य सिता कोईरालाकी सासुआमा तथा सल्लाहकार समितिका सदस्य सुन्दर कोईरालाकी ममतामयी आमा **राधादेवी कोईराला**को ९३ वर्षको उमेरमा असामयीक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि कामना गर्दै आज १३औं दिनको पुण्य तिथिमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

पुलेन्द्रमान श्रेष्ठ
अध्यक्ष तथा
**पितृमोक्ष किरियाकर्म सेवा समिति परिवार**
पोखरा-१३

# बजार झरेका मतदाता भन्छन्, 'गाउँमै बस्ने वातावरण बनाइदेऊ'

**सन्तोष गौतम**
म्याग्दी, १८ माघ

धवलागिरि गाउँपालिका-१ गुर्जाका रामबहादुर छन्त्यालको अस्थायी बसोबास गण्डकी प्रदेशको राजधानी पोखरामा छ । नाति, नातिनाको पढाइ, आफ्नो रोजगारी र सहज स्वास्थ्य सेवाका लागि पोखरामा बस्दै आएका छन्त्याल चाडपर्व मनाउन, आफन्तको बिहेवारी, किरिया, छेवार र चुनावमा मात्र जन्मथलो फर्कनुहुन्छ ।

"गुणस्तरीय स्वास्थ्य र शिक्षाका साथै सुविधाका लागि बजारमा बस्नुपरेको हो", उहाँले भन्नुभयो, "गाउँमा विकासका पूर्वाधार र सुविधाका साथै रोजगारी र आयआर्जनको अवसर भएमा बजारमा बस्नुपर्ने थिएन ।" अन्नपूर्ण गाउँपालिका-५ पाउद्धारका भीम पुन पनि विदेशमा रहेका सन्तानका छोराछोरी पढाउन पोखरामा बस्न थालेको आठ वर्ष भयो । "गाउँमा खेतीयोग्य जमिन बाँझै छ, विद्यार्थी नभएर स्कुल रित्तिने अवस्था छ, छोराछोरी कमाउन विदेश गएका छन्, बुढेसकालमा नातिनातिना पढाउन बजारमा बस्नुपरेको छ", उहाँले भन्नुभयो, "गाउँमै बस्ने वातावरण भैदिए सजिलो हुन्थ्यो ।"

पोखरामा मतमाग्न पोखरा पुगेका म्याग्दीमा आसन्न चुनावका उम्मेदवारहरूसँग मतदाताले छन्त्याल र पुनले जस्तै बसाइँसराइ रोक्नका लागि गाउँमै बस्ने वातावरण बनाउने नीति र योजनाको माग गरेका छन् । पोखरामा अस्थायी बसोबास गर्नुहुने धवलागिरि गाउँपालिका-७ धारापानीका झलक थापाले गाउँमा आयआर्जन, रोजगारीको अवसर, गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुविधाको व्यवस्था मिलाउन आग्रह गर्नुभयो । मतदाता खोज्दै उम्मेदवारहरू पोखरामा

विस २०७९ सम्मको निर्वाचनमा चुनाव प्रचार जिल्लाभित्र सीमित थियो । यसपालि चिसोका कारण लेकाली क्षेत्रका मतदाता पनि बजार तथा बेँसीमा झरेका, अध्ययन, व्यापार, व्यवसायको सिलसिलामा बजारमा अस्थायी बसोबास गर्ने मतदातालाई पनि उम्मेदवारले महत्व दिएका छन् । नेकपा (एमाले)का उम्मेदवार हरिकृष्ण श्रेष्ठले शनिबार र नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार अर्जुन थापाले शुक्रबार पोखरामा पुगेर मतदातासँग भेटघाट गर्नुभयो । नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारी (केबी) र स्वतन्त्र उम्मेदवार डा महावीर पुन पनि मतदाता भेटघाटका लागि समय मिलाएर पोखरा जाने तयारीमा हुनुहुन्छ । एमाले र नेपाली कम्युनिष्ट पार्टीसम्बद्ध म्याग्दी-पोखरा सम्पर्क समाजले उम्मेदवारसँग पोखरामा बसोबास गर्ने म्याग्देलीहरूसँग भेटघाट कार्यक्रम आयोजना गरेका हुन् । गाउँमा मतदाता नामावली भएका तर शिक्षा, व्यापार व्यवसाय र अन्य कामको सिलसिलामा स्थायी रूपमा पोखरामा बसोबास गर्ने म्याग्देलीलाई भेटेर उनीहरूका सुझाव, अपेक्षा, गुनासा सुन्न पोखरा पुगेको एमालेका श्रेष्ठ र नेकपाका थापाले बताउनुभयो ।

बढ्दो बसाइँसराइको असर मतदाता सङ्ख्यामा

बढ्दो बसाइँसराइको असर म्याग्दीको कुल जनसङ्ख्या र मतदाता सङ्ख्यामा पनि देखिन थालेको छ । आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि म्याग्दीमा ८६ हजार ३९७ जना मतदाता सङ्ख्या कायम भएको छ । बयालीस हजार ३३२ पुरुष, ४४ हजार ६४ महिला र एक जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मतदाता रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । जिल्ला निर्वाचन अधिकारी बिमलप्रसाद गौतमले अघिल्लो निर्वाचनको तुलनामा आगामी चुनावका लागि २७७ जनामात्र मतदाता थपिएका हुन् । २०७९ सालमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ८६ हजार १२० जना मतदाता थिए । बसाइँसराइ गरेर जिल्ला तथा देशबाहिर जाने र घट्दो जन्मदरको असर मतदाता सङ्ख्यामा परेको निर्वाचन अधिकारी गौतमले बताउनुभयो । छवटा स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा आगामी निर्वाचनका लागि ८२ वटा मतदानस्थल र १२० वटा मतदान केन्द्र कायम भएको छ ।

बढ्दो बसाइँसराइका कारण ग्रामीण क्षेत्रको सामाजिक, सांस्कृतिक, विकास गतिविधिमा असर पर्नुका साथै विद्यालयमा विद्यार्थी अभाव हुन थालेको छ । आव २०८१/८२ मा म्याग्दीका स्थानीय तहहरूमा ८९ परिवार बसाइँसराइ गरेर आउँदा २४७ परिवारले थातथलो छाडेर अन्यत्र गएका छन् । आव २०८०/८१ मा २५२ परिवार बसाइँसराइ गरेर जाँदा आउने परिवारको सङ्ख्या एक सय भएको स्थानीय तहको पञ्चीकरण शाखाको अभिलेखमा उल्लेख छ । म्याग्दी बहुमुखी क्याम्पसको समाजशास्त्र विषयका प्राध्यापक गोरखबहादुर जिसीले गण्डकी प्रदेशको म्याग्दी, स्याङ्जा र पर्वत जिल्लाको बसाइँसराइ उल्टो रहेको बताउनुभयो । "गाउगाउँमा पुगेको सडक, विद्युत्, खानेपानी, सञ्चार सुविधाले मानिसलाई रोक्न सकेको छैन", उहाँले भन्नुभयो, "रोजगारी र आयआर्जनको अवसरको खोजीमा गाउँबाट सहर र सुविधा भएको ठाउँमा मानिसले बसाइँसराइ गर्ने क्रम बढेको हो ।" विसं २०७८ मा भएको जनगणनाको नतिजाअनुसार म्याग्दीको २५ हजार ३७४ घरपरिवामा २९ हजार २४२ परिवारका एक लाख सात हजार ३७२ जनसङ्ख्याको बसोबास छ । विसं २०६८ मा म्याग्दीको कुल जनसङ्ख्या एक लाख १३ हजार ६४१ जना थियो ।

उम्मेदवारका योजना

नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी), एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापा र स्वतन्त्र उम्मेदवार डा महावीर पुन मुख्य प्रतिस्पर्धीका रूपमा देखिनुभएको छ । स्वतन्त्र उम्मेदवार पुनलाई रास्वपाका उम्मेदवार युवराज रोकाले सर्मथन गर्नुभएको छ । नेत्रविक्रम चन्द (विप्लप) नेतृत्वको नेकपा (माओवादी)ले क्षेत्रबहादुर घिमिरे (ध्रुव)लाई उम्मेदवार बनाएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का डम्मरबहादुर सुवेदी, प्रगतिशील लोकतान्त्रिक पार्टीका देवेन्द्र कामी, श्रम संस्कृति पार्टीका विनोद राना, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्मा, मङ्गोल नेसनल अर्गनाइजेसनका भीमबहादुर लामा र नेसनल रिपब्लिकन नेपालका तुलप्रसाद गर्बुजा उम्मेदवार बन्नुभएको छ ।

उम्मेदवारहरूले नीति निर्माण तहमा म्याग्दीको आवाज उठाउने, कानुनमा जिल्लावासीको भावना तथा समस्यालाई सम्बोधन गर्ने, सरकारका योजना तथा बजेटमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने, पर्यटन र कृषिमार्फत रोजगारी सृजना गरी बसाइँसराइको दर घटाउने तथा जलविद्युत्मा लगानीको वातावरण बनाउने मुद्दालाई जोड दिएका छन् ।

# प्रतिभा सुपर लिग क्रिकेट शुरु, प्रतिभा र बाल मन्दिरको बिजयी शुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ



पोखरामा प्रतिभा सुपर लिग (पिएसएल) क्रिकेट प्रतियोगिता शुरु भएको छ । प्रतिभा मावि पोखराको आयोजना तथा पोखरा महानगरपालिका क्रिकेट संघको सहयोग र समन्वयमा पोखरामा आजदेखि अन्तर माध्यमिक विद्यालय क्रिकेट प्रतियोगिता प्रतिभा सुपर लिग प्रतियोगिता शुरु भएको हो । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा शुरु भएको प्रतियोगिताको पोखरा-३ का वडाध्यक्ष प्रकाशमान उदासले उद्घाटन गरे । प्रतियोगिताको पहिलो दिन आयोजक प्रतिभा मावि र बाल मन्दिर माविले बिजयी शुरुवात गरेका छन् । प्रतिभाले वाराही र बाल मन्दिरले ग्लोबल कलेजियटलाई पराजित गर्दै बिजयी सुखद शुरुवात गरेका हुन् ।

प्रतियोगिता अन्तर्गत उद्घाटन खेलमा आयोजक प्रतिभा माविले वाराही माविलाई ३ विकेटले पराजित गऱ्यो । टस जितेर पहिले ब्याटिङ रोजेको वाराहीले निर्धारित १७.१ ओभरमा सबै विकेट गुमाएर १२६ रन बनाएको थियो । वाराहीका लागि अभिषेक अधिकारीले ३७ बलमा ४२ रन, ब्रिजेश भट्टराईले २५ बलमा २० रन र कुशल पौडेलले ८ बलमा १५ रन बनाए । १२७ रनको लक्ष्य लिएर जवाफी व्याटिङमा उत्रिएको प्रतिभाले १८.५ ओभरमा ७ विकेट गुमाएर लक्ष्य भेट्टायो । प्रतिभाको जितमा सहबुदिन अन्सारीले ४० बलमा ४३ रन, मिसन विकले २८ बलमा १४ रन र साहिल खानले १३ बलमा १२ रनको योगदान दिए । प्रतिभालाई दवाबमा राख्ने क्रममा वाराहीका ब्रिजेश भट्टराईले ४ ओभरमा १८ रन खर्चे भने समीर विकले ४ ओभरमा २० रन खर्चेर २ विकेट हत्याए । सो खेलमा बिजयी प्रतिभाका खेलाडी सबुदिन अन्सारी प्लेयर अफ दी म्याच बने । आईतबार नै भएको दोस्रो खेलमा बाल मन्दिर माविले ग्लोबल कलेजियटलाई ६ विकेटले पराजित गऱ्यो ।

टस जितेर ब्याटिङ रोजेको ग्लोबल कलेजियटले कमजोर प्रदर्शन गर्दै १५.१ ओभरमा सबै विकेट गुमाएर ७१ रन मात्रै बनाउन सक्यो । ग्लोबलका लागि विमोचन सापकोटाले ३४ बलमा ४० रन र अपिल पौडेलले १७ बलमा १८ रन बनाउनुबाहेक अन्यले दोहोरो रन बनाउन सकेनन् । ग्लोबललाई सस्तैमा समेट्न बाल मन्दिरका सुमन अधिकारीले ३.१ ओभरमा ९ विकेट दिएर ह्याट्रिक विकेटसहित ५ विकेट लिए । सुवास पठायतले ३ ओभरमा ८ रन खर्चेर ३ विकेट हत्याए ।

७२ रनको लक्ष्य लिएर जवाफी व्याटिङमा उत्रिएको बाल मन्दिरले केवल १२.१ ऋोभरमा ४ विकेटको क्षेतीमा लक्ष्य भेट्टायो । बाल मन्दिरका लागि सुरज अधिकारीले २६ बलमा १९, श्रीनिवास कठायतले २६ बलमा १७ रन र सुवास कठायतले १५ बलमा १६ रनको योगदान दिए । बाल मन्दिरलाई दवाबमा राख्न ग्लोबल कलेजियटका सौगात आचार्यले १ ओभरमा ४ रन खर्चेर २ विकेट तथा आयुष्मान गौतमले ४ ओभरमा १८ रन खर्चेर १ विकेट लिए पनि जितका लागि पर्याप्त भएन । सो खेलमा बिजयी बाल मन्दिरका ह्याट्रिक विकेटसहित ५ विकेट लिएका सुमन अधिकारी प्लेयर अफ द म्याच घोषित भए ।

प्रतियोगिता क्रिकेटको विकास, खेलाडीको प्रतिभा उजागर गर्न तथा क्रिकेटको जग बलियो बनाउने उद्देश्यले गरिएको विद्यालयका प्राचार्य किरण सापकोटाले बताए । त्यस्तै, विद्यालय सञ्चालक समितिका अध्यक्ष नारायण पौडेलले शैक्षिक सान बनेको प्रतिभा माविले शिक्षासँगै खेलकुद र पर्यटनको विकासमा योगदान गर्न प्रतियोगिता आयोजना गरेको बताए । प्रमुख अतिथि पोखरा-३ का वडाध्यक्ष प्रकाशमान उदासले प्रतिभाले प्रतियोगितामार्फत खेलकुदको क्षेत्रमा योगदान गरेको भन्दै धन्यवाद दिए ।

प्रतियोगिताको बिजेता विद्यालयले नगद ३० हजारसहित ट्रफी, मेडल र प्रमाण पत्र, उपबिजेताले नगद २० हजारसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्ने जनाइएको छ । प्रतियोगिताको बेष्ट ब्याट्सम्यान, बेष्ट बलर, बेष्ट प्लेयर अफ द सिरिज तथा प्लेयर अफ द म्याचलाई पनि ट्रफी प्रदान गरिने प्राचार्य सापकोटाले जानकारी दिए ।

# प्रतिनिधिसभा निर्वाचनः पर्वतका ग्रामीण क्षेत्रमा चुनावी चहलपहल

**पोखरापत्र संवाददाता**
पर्वत, १८ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै गएको छ । निर्वाचनको मिति नजिकिएसँगै राजनीतिक दल र उम्मेदवार गाउँ केन्द्रीत बनेका छन् । मतदातासँग भेटघाट गर्ने, आफ्ना विचार, सिद्धान्त र कार्ययोजना सुनाउनाले र मतप्रभावित पार्ने काममा उम्मेदवार सक्रिय बनेका छन् । जिल्लामा १३ वटा राजनीतिक दलका उम्मेदवार चुनावी मैदानमा उत्रिएका हुन् ।

नेपाली कांग्रेसबाट अर्जुनप्रसाद जोशी चुनावी मैदानमा आउँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट पदम गिरी प्रतिस्पर्धामा उत्रिनुभएको छ । नेपाली कम्युनिष्ट पार्टीबाट मनहरि शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सागर भुसाल उम्मेदवार हुनुहुन्छ ।

कांग्रेसले पिपलटारी, एमालेले दुर्लुङ, नेपाली कम्युनिष्ट पार्टीले राम्जादेउराली र राष्ट्रिय स्वतन्त्र पार्टीले फलेवासबाट आफ्नो चुनावी अभियान थालेका छन् । अहिले सबै दलका उम्मेदवार टोलटोलमा पुग्नुका साथै घरदैलो गरिरहेका छन् । केही मतदाताले स्थानीय समस्यासँगै मुलुकमा बढ्दै गएको बेथिति, भ्रष्टाचारको अन्त्य गर्न माग गरेका छन् भने अन्य मतदाताले सडक स्तरोन्नति, बाँदर आतङ्क नियन्त्रण, सिँचाइ, गुणस्तरीय स्वास्थ्य सुविधा, रोजगारीको अभावलगायत माग उम्मेदवारसँग राखिरहेका छन् । पर्वतका सातवटा पालिकाका ६१ वडामध्ये सबै पालिकामा कालोपत्रसहित सडकको पहुँच विस्तार भएको छ भने अधिकांश वडाका सडकमा कालोपत्र भइसकेको छ । अब टोल र बस्तीसम्म पनि गुणस्तरीय सडक निर्माण गर्न स्थानीयले माग गरेका छन् । ग्रामीण क्षेत्रमा सबैभन्दा चुनौती र जटिल विषय बाँदर आतङ्क भएकाले सोको समाधानका लागि प्रभावकारी कदम चाल्न स्थानीयले माग गरेका छन् । उम्मेदवारका घोषणापत्रमा पटकपटक बाँदर आतङ्क नियन्त्रण गर्ने कार्ययोजना समेटिए पनि अहिलेसम्म कसैले कार्यान्वयनमा ल्याउन सकेका छैनन् । यसका लागि प्रभावकारी कानुन नबन्दा समस्या भएकाले आगामी दिनमा कानुन निर्माण गरी अघि बढ्नुपर्ने उम्मेदवारको भनाइ छ ।

कांग्रेसका उम्मेदवार जोशीले पार्टीलाई रुपान्तरण गरेसँगै अब जिल्ला र समग्र मुलुकलाई रुपान्तरण गर्न आफू चुनावी मैदानमा आएको बताउनुभयो । आफूले पाँच दशक लामो राजनीतिक यात्रामा धेरै अनुभव हासिल गरेको बताउँदै उहाँले नयाँ पुस्ताको मागअनुसार अघि बढ्न प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । ठूला र असम्भव, महत्वकाङ्क्षी योजना नभई जनताका आवश्यकता र चाहाना बमोजिमका काम गर्न आफूले उम्मेदवारी दिएको उहाँको भनाइ छ । एमालेका उम्मेदवार गिरीले आफूले अघिल्ला दुई कार्यकालमा जिल्लाको विकास निर्माणका लागि धेरै काम गरेको जनाउँदै केही काम पूरा गर्न बाँकी रहेकाले पुनः उम्मेदवारी दिएको बताउनुभयो । नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार शर्माले समग्र पर्वतको विकासका लागि योजनाबद्ध काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, स्वरोजगार, पूर्वाधार, औद्योगिकरणसँगै बाँदर नियन्त्रणलगायत योजनाको खाका आफूसँग रहेको उहाँको भनाइ छ । राष्ट्रिय स्वतन्त्र पार्टीका भुसालले अहिले मुलुकमा भइरहेको शासन व्यवस्थाको विकल्पमा नीति र विधि परिवर्तन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा माओवादी, राष्ट्रिय जनमोर्चा, उज्यालो नेपाल पार्टी, मङ्गोल नेसनल पार्टी, आमजनता पार्टी, नेसनल रिपब्लिक नेपाल, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल मजदुर किसान पार्टीलगायत दलले पनि आफ्ना चुनावी गतिविधिलाई सुक्ष्म रूपमा सञ्चालन गरिरहेका जानकारी दिएका छन् । आगामी निर्वाचनमा यहाँबाट एक लाख २५ हजार ४६६ मतदाता रहेका छन् भने ७६ मतदानस्थल र १५१ मतदान केन्द्र कायम गरिएको छ ।

# स्वास्थ्य बिमाको रकम भुक्तानी नपाउँदा प्रदेश अस्पताल पर्वत चरम सङ्कटमा

**पोखरापत्र संवाददाता**
पर्वत, १८ माघ



लामो समयदेखि स्वास्थ्य बिमाको रकम भुक्तानी नपाउँदा जिल्लाको एकमात्र सुविधासम्पन्न प्रदेश अस्पताल पर्वत सङ्कटमा परेको छ ।

स्वास्थ्य बिमा गरेका बिरामीको उपचार हुने जिल्लाको एकमात्र प्रदेश अस्पतालले रु तीन करोडभन्दा बढी भुक्तानी पाउन नसकेको हो । गत आर्थिक वर्षदेखिको स्वास्थ्य बिमा तथा 'डायलायसिस'बापतको रु तीन करोड बढी रकम भुक्तानी लिन नसक्दा अस्पतालका क्रियाकलाप प्रभावित बनेको प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा ढुण्डीराज पौडेलले जानकारी दिनुभयो ।

अस्पतालले स्वास्थ्य बिमा गरेका बिरामीहरूको परीक्षण गरेबापत सरकारले उक्त रकम भुक्तानी गर्नुपर्ने हुन्छ । तर सरकारले समयमा रकम भुक्तानी नदिँदा भुक्तानी रकम बढ्दै गएको उहाँले बताउनुभयो ।

स्वास्थ्य बिमाको रकम भुक्तानी नपाँउदा औषधि तथा उपकरण खरिद, कर्मचारीहरूको तलब, भत्ता भुक्तानी तथा अन्य नियमित काम व्यवस्थापनमा समस्या परेको डा पौडेलले बताउनुभयो । रकम भुक्तानीका लागि पटकपटक माग गर्दा पनि सुनुवाइ नभएको उहाँको भनाइ छ । स्वास्थ्य बिमा गरेका बिरामीहरू सामान्य समस्या पर्दा पनि अस्पताल आइपुग्नुहुन्छ, उनीहरूलाई सेवा दिनै पर्छ, तर मन्त्रालयले भुक्तानी दिन ढिलाइ गर्दा ती सेवाग्राहीलाई आवश्यक औषधि, सहायता सामग्रीलगायत ल्याबसम्बन्धी सेवा दिन समस्या भइरहेको छ ।

अस्पताल व्यवस्थापन समितिको कोषवाट जेनतेन अहिलेसम्म व्यवस्थापन गरिएको भए पनि अब सङ्कट सृजना हुन थालेको उहाँको भनाइ छ । डा पौडेलले भन्नुभयो, "सरकारबाट बिमाको रकम भुक्तानी नआउँदा औषधि खरिद प्रक्रियासमेत अवरोध भइरहेको छ ।" जिल्लामा स्वास्थ्य बिमामा आवद्ध भएका झन्डै ४५ प्रतिशत नागरिकले अस्पतालबाट सेवा लिने गरेका छन् । सरकारले देशभरका सबै अस्पतालका लागि तोकेको दररेटको रकम दिने गरेको भए पनि त्यो रकम बर्सेनि भुक्तानी लिन समस्या पर्ने गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष याबहादुर परियारले बताउनुभयो ।

स्वास्थ्य बिमा बोर्ड अस्पतालबाट प्राप्त बिल भर्पाइका आधारमा उक्त रकम स्वास्थ्य मन्त्रालयमा माग गरिएको भए पनि भुक्तानी नआउँदा अस्पताल सङ्कटमा पर्न थालेको उहाँको भनाइ छ । एक परिवारका लागि रु तीन हजार ५०० को प्रिमियम भुक्तानी गर्दा पाँच जनाका लागि सरकारले रु एक लाखबराबरको बिमा रकम भुक्तानी दिने गर्दछ । पाँच जनाभन्दा बढी सदस्य रहेका साधारण परिवारको हकमा प्रतिसदस्य थप रु ७०० योगदान रकम बुझाउनुपर्नेछ र उपचार सुविधामा रु एक लाखमा २० हजारका दरले थप्दै प्रतिवर्ष अधिकतम रु दुई लाखसम्मको उपचार सुविधा पाउने प्रावधान छ । केही दिनअघि अस्पताल निरीक्षणमा आउनुभएकी स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमलाई बिमाको रकम भुक्तानी उपलब्ध गराउन ज्ञापनपत्र बुझाइएको थियो । सो अवसरमा मन्त्री गौतमले देशभरका अस्पतालहरू बिमाबापतको रकम भुक्तानी नपाएर समस्यामा परेको जनाउँदै सरकारले विभिन्न स्रोत खोजेर बजेट व्यवस्थापनमा लागेको जानकारी दिनुभयो ।

# मादीको चिप्ली गाउँमा फागुन २ देखि महाशिवरात्री मेला हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

कास्कीको मादी गाउँपालिका-६ स्थित चिप्ली गाउँमा यही फागुन २ देखि ४ गतेसम्म महाशिवरात्री मेला हुने भएको छ ।

चिप्ली गाउँमा क्रियाशिल रहेको सिद्ध युवा क्लबको आयोजनामा फागुन २ देखि ४ गतेसम्म महाशिवरात्री मेला हुने क्लबका अध्यक्ष नारायण गुरुङले जानकारी दिए । 'चिप्ली गाउँमा सामाजिक क्षेत्रमा क्रियाशिल रहेको सिद्ध युवा क्लबले आफ्नो ३८ औं वार्षिकोत्सवको अवसरमा महाशिवरात्री मेलालाई निरन्तरता दिएको हो, अध्यक्ष गुरुङले भने, 'महाशिवरात्री मेलाले पर्यटकीय गाउँ चिप्लीको पर्यटन प्रवर्द्धन, खेलकुद र विकासमा सहयोग पुग्ने अपेक्षा लिएका छौं ।' उनका अनुसार महाशिवरात्री मेलामा वडास्तरीय पुरुष भलिबल प्रतियोगिता, छेलो, रस्साकस्सी र म्युजिकचियर प्रतियोगिता आयोजना गरिएको छ । वडास्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेताले नगद ८० हजार र उपविजेताले ४० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । भलिबल प्रतियोगितामा सहभागिताका लागि एक टिमलाई ५ हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ । यस्तै रस्साकस्सी प्रतियोगिताको विजेताले १० हजार र उपविजेताले ५ हजारसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै छेलो प्रतियोगिताको विजेतालाई नगद १० हजार रुपैयाँसहित प्रमाणपत्र र फेटाले सम्मान गरिने क्लबका अध्यक्ष गुरुङले बताए । कास्कीको उत्तरी भेगमा अवस्थित मादी गाउँपालिका-६ चिप्ली गाउँमा पोखराको काहुँखोला, काभ्रेडाँडा, छाचोक, मेलबोट, थाक, तप्राङ हुँदै चिप्ली गाउँ पुग्न सकिन्छ । पोखराबाट सवारी यात्रामा १ घण्टामा नै चिप्ली गाउँमा पुग्न सकिन्छ ।